# लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्याः१ मितिः२०८२/०१/०४

## भाग-२

## लेटाङ नगरपालिका

# गरिबी निवारण कोष सञ्चालन कार्यविधि, २०८१

# गरिबी निवारण कोष सञ्चालन कार्यविधि,२०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१२।२६
प्रमाणीकरण मितिः २०८१।१२।२६

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ९ (१०) एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ११ (४) को (च) (१) को अधिकार व्यवस्थित रूपमा कार्यान्वयन गर्न लेटाङ नगरपालिकाको गरिबी निवारण कार्यक्रम सञ्चालन, लाभग्राही पहिचान, गरिबीका कारण र निवारणका स्थानीय उपायहरू अवलम्वन गरी सहायता तथा अनुदान उपलव्ध गराउने व्यवस्था गर्दै गरिब जनताको जीवनस्तर सुधार गर्न गरिबी निवारण कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी र उपयोगी बनाउन सञ्चालन तथा व्यवस्थापन प्रक्रिया र मापदण्ड आवश्यक भएकोले लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ को अधिकार प्रयोग गरी लेटाङ नगरपालिकाको **गरिबी निवारण कोष सञ्चालन कार्यविधि,२०८१** स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "गरिबी निवारण कोष सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) प्रारम्भ: यो कार्यविधि प्रमाणीकरण भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"अनुदान"** भन्नाले नगरपालिकाले यस कार्यविधि अनुसार लक्षित वर्ग पहिचान गरी व्यवसाय वा उत्पादन बढाइ गरिवी निवारण गर्ने उद्देश्यले दिइने नगद वा वस्तुगत सहायता वा सामग्री सम्झनु पर्दछ।

ख) **"कार्यालय"** भन्नाले लेटाङ नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

ग) **"कार्यविधि"** भन्नाले गरिबी निवारण कोष सञ्चालन कार्यविधि,२०८१ सम्झनु पर्छ।

घ) **"गरिब"** भन्नाले गरिव घरपरिवार पहिचानको परिचयपत्र प्राप्त व्यक्ति वा परिवार वा नगरपालिकाले यस कार्यविधि अनुसार पहिचान र सूचीकृत गरेका व्यक्ति वा परिवारलाई सम्झनु पर्दछ।

ङ) **"नगर कार्यपालिका"** भन्नाले लेटाङ नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

च) **"नगरपालिका"** भन्नाले लेटाङ नगरपालिकालाई सम्झनुपर्छ।

छ) **"नगर उपप्रमुख"** भन्नाले लेटाङ नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

ज) **"नगर प्रमुख"** भन्नाले लेटाङ नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

झ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले लेटाङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

ञ) **“प्रदेश"** भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

ट) **"शाखा"** भन्नाले लेटाङ नगपालिकाको योजना शाखालाई सम्झनु पर्दछ।

ठ) **"सभा"** भन्नाले लेटाङ नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

ड) **"समिति"** भन्नाले यो कार्यविधिको दफा ८ बमोजिम समितिलाई सम्झनु पर्छ।

## परिच्छेद - २

## गरिबी निवारण कार्यक्रम सम्बन्धी व्यवस्था

**३. गरिबी निवारण कार्यक्रमः** (१) नगरपालिकाले नगरको गरिबी र सो निवारण गर्न कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गर्न सक्ने छ।

(२) बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार वा अन्य तहको सरकारसँग साझेदारी गर्न सकिने छ।

**४. गरिब व्यक्ति तथा लक्षित परिवारको पहिचानः** (१) दफा ३ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि लक्षित वर्ग पहिचान गरी सूचीकृत गर्नु पर्ने छ।

(२) गरिब तथा लक्षित परिवार तथा व्यक्ति पहिचान गर्न नेपाल सरकारले गरिब घरपरिवार पहिचान गर्न प्रयोग गरेको आधार र प्राप्त नतिजाका साथै यस उपदफाका आधारहरू प्रयोग गर्नु पर्नेछ।

क) नेपाल सरकारले प्रकाशन गरेको गरिव घर परिवार पहिचान गरी प्रकाशन गरेको प्रतिवेदन र सोमा उल्लेख भएको मापदण्डहरू,

ख) नगरपालिका वा नेपाल सरकारले गरेको सर्भे वा अध्ययन अनुसन्धानका प्रतिवेदनमा उल्लेख भएका मापदण्डहरू ,

ग) स्थलगत अध्ययन र अनुगमनबाट प्राप्त तथ्यहरूले गरिब देखाएका व्यक्तिहरू,

घ) सुकुम्बासी र घरबार विहिन अवस्थाका व्यक्ति वा परिवार,

ङ) प्राकृतिक प्रकोप वा जुनसुकै प्रकारको विपद्बाट प्रभावित भएका व्यक्ति,

च) नेपाल सरकारले तय गरेको लोपोन्मुख तथा पिछडीएका वर्ग जाती र समुदायका मानिसहरू,

छ) नगरपालिकाको स्थायी ठेगाना भएको नागरिक वा तिनको सन्ततीहरू

तर यस खण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको जुनसुकै भागबाट पहिचान खुलेको वा नखुलेको असल चालचलन भएको लामो समयदेखि नगरपालिका क्षेत्रमा बसोबास गरिरहेको परिवार तथा व्यक्तिलाई छनोट गर्न बाधा पर्ने छैन।

ज) आमा बाबु विहिन वेसाहारा गरिव बालबालिकाहरू

झ) समितिले तय गरेका अन्य उपयुक्त आधारहरू

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकारको कानुनले प्रतिवन्ध गरेको क्षेत्रमा बसोवास गरिरहेका, अनुमति विना त्यस प्रकारको जमीन प्रयोग गरिरहेका परिवारलाई कार्यविधि अनुसार अनुदान, सहायता कार्यक्रममा सहभागि गराउन सकिने छैन।

(४) उपदफा २ अनुसारको आधारमा तयार भएको गरिवी परिवार तथा व्यक्तिहरूलाई बजेटको सीमा अनुसार प्राथमिकीकरण गरी नामावली छनौट गर्नुपर्नेछ।

(५) गरिव परिवार पहिचान र तीनको आवश्यकता पहिचानको अभिलेख अनुसूची १ को ढाँचामा तयार गर्नुपर्नेछ।

**५. गरिबी निवारण कार्यक्रमः** (१) नगरपालिकाले स्वीकृत बजेटको सीमा भित्र रही गरिवी निवारणमा सहयोग पुग्ने निम्न कार्यक्रमहरू लक्षित समुदायको माग आवश्यकता र संभाव्यता एकीन गरी सञ्चालन गर्नुपर्नेछ।

**क) गरिवी निवारणका लागि कृषि तथा पशुपंक्षी उत्पादन सहयोगः** कृषि तथा पशु पंछीको उत्पादन वृद्धि र व्यवसायिकरण गर्न सहयोग पुग्ने लक्षित वर्गले यस अघिदेखि नै गर्दै आएको वा अपनाइरहेकै क्षेत्रमा उत्पादन, उत्पादित वस्तुको भण्डारण र बजारीकरणमा आवश्यक पर्ने प्रविधि, औजार वा उपकरण, साधनकालागि वस्तुगत वा नगद अनुदान प्रदान गरी कृषि व्यवसायिकरण वा सुधार कार्यक्रम सञ्चालन गर्ने।

**ख) कृषि उत्पादन र आय वृद्धिका लागि सामुहिक कृषिः** नगरमा छरिएर रहेको वस्तिका गरिव परिवार वा लक्षित समूहहरूले समूहिक रूपमा कृषि उत्पादन, पशुपालन गरिरहेका र गर्न सुरू गरेमा त्यस्ता क्षेत्रलाई विशेष क्षेत्रको रूपमा पहिचान गरी उत्पादन तथा लगानीको आधारमा समूहमा आवश्यक पर्ने तालिम, औजार वा उपकरण र प्रविधिका सामान वा वस्तुगत सहयोगका लागि अनुदान प्रदान गर्ने।

**ग) निर्वाहामुखी कृषि रूपान्तरण गर्ने प्रविधि सहयोग कार्यक्रमः** गरिव वा लक्षित वर्गले गर्दै आएका निर्वाहामुखी कृषिमा निश्चित लगानी गरी कृषि प्रणालीमा सुधार गर्न आवश्यक कृषक तालिम, विउ बिजन, प्रविधि, सामान, खोर, गोठ वा पोखरी, सिंचाइ जस्ता पूर्वाधार निर्माणमा लाग्ने रकमको समितिले तोकेको प्रतिशत सम्म नगद अनुदान कार्य सम्पन्न भए पछि प्रदान गर्ने।

**घ) विपन्न वर्गले गरेको उत्पादनका आधारमा अनुदानः** पहिचान भएका परिवारले कृषि वा पशु पंक्षी पालनबाट गरेको उत्पादनको आधारमा समितिले तोकेको नगद अनुदान प्रदान गर्न सक्नेछ यसको लागि उत्पादन गणना गर्दा निजले वर्ष भरी गरेको कुल उत्पादनलाई आधार मनिने छ।

**ङ) गरिव स्वास्थ्य उपचार कार्यक्रमः** नेपाल सरकारले तोकेको स्वास्थ्य बीमा कार्यक्रमको बढीमा २ वर्षको लागि बीमा प्रिमियम र नबिकरणमा लाग्ने खर्च नगरपालिकाले उपलब्ध गर्न सक्नेछ।

**च) गरिव क्षमता विकास तालिमः** यस कार्यविधि अनुसार अनुदान प्राप्त व्यक्ति वा परिवारले उत्पादन र आर्थिक अवस्था सुधार गर्न गरेको निरन्तर प्रयास र कम्तिमा २ वर्षको प्रगतिको आधारमा माथिल्लो स्तरको तालिम र अनुभव आदन प्रदान भ्रमणको व्यवस्था गर्न सकिने छ।

**छ) कृषि तथा अन्य उत्पादनको बजारसम्म पहुँच कार्यक्रमः** लक्षित वर्गका नागरिकले गरेको कृषि तथा अन्य उत्पादनको प्याकेजिङ, संकलन, बजारसम्म लान, भण्डारण गर्नमा सहयोग पुग्ने गरी निर्माण हुने साना पूर्वाधार, सामग्रीको भाडा तथा निर्माणमा अनुदान दिन सकिनेछ अनुदान समितिले तोकेबमोजिम हुनेछ। तर यस दफा अनुसार ठूला पूर्वाधारहरू निर्माण गरिने छैन।

**ज) बस्तु तथा सामग्री उत्पादन र बजारीकरणः** पुख्यौंली सीप तथा पेशा र साना घरेलु व्यवसाय तथा उद्योगको माध्यमबाट उत्पादित सामग्रीको उत्पादन गुणस्तर सुधारका लागि प्रविधिकरण, बजारीकरणमा प्रविधि वितरण, व्यवसाय सञ्चालन गर्ने यस्ता पेशामा सक्रिय गरिव परिवारको धारा, पानी, विजुली जस्ता आधारभूत पक्ष जडानमा आर्थिक सहयोग गर्ने र उत्पादन वा विक्रिका आधारमा अनुदान दिन सकिनेछ।

**झ) आमा बाबु विहिन वेसाहारा बालबालिका सहयोग कार्यक्रमः** आमा बाबुको मृत्यु वा अन्य कारणबाट बेसाहारा बन्न पुगेका बालबालिकामात्र बसोबास गर्ने अलग्गै



लेटाङ नगरपालिका, मोरङ

परिवारका बालबालिकालाई विद्यालयको पठनपाठनका लागि आवश्यक पर्ने खर्च मध्ये समितिले तोकेको रकम र घरबास निर्माण, शौचालय निर्माण, बिजुली पानी जडानमा आवश्यक पर्ने रकम वा सामग्री दिन सक्नेछ।

ञ) **नगरपालिकाबाट गर्नुपर्नेः** दफा ५ मा उल्लिखित कार्यक्रमहरू नगरपालिकाबाट गर्नुपर्नेछ। स्थानीय संघ सस्था र गैर सरकारी संस्थामार्फत गराउदा प्रचलित कानुनमा उल्लिखित प्रक्रियाको अलवा कार्यक्रम सञ्चालन गर्ने सस्थाले लागतको कम्तिमा ५० प्रतिशत रकम कार्यक्रममा साझेदारी गर्नु पर्नेछ।

**ट) खर्च गर्ने र प्रतिवेदनः** यस दफाको क देखि ञ सम्म जुनसुकै कुरा लेखिएको भएतापनि गरिवी निवारण कार्यक्रम शीर्षकबाट गरिव परिवार तथा लक्षित वर्गलाई खाना, खाजा, लत्ता कपडा, भत्ता लगायत चालु प्रकृति खर्च गर्न पाइने छैन। अनुदान उपयोग भएको सुनिश्चित गर्न शाखाले वडाको सिफारिस सहित अनुसूची २ बमोजिमको ढाँचामा प्रतिवेदन दिनु पर्नेछ।

**ठ) अन्य कार्यक्रमसँग सम्बन्धः** कार्यक्रमलाई अनिवार्य तथा निःशुल्क शिक्षा, बालिका शिक्षा बचत कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, पूर्ण खोप सुनिश्चित, बालविवाह न्यूनीकरण, लागु औषध नियन्त्रण जस्ता क्रियाकलापमा सकारात्मक योगदान र भूमिका खेल्नुपर्नेछ। साथै यस्ता क्रियाकलाप मार्फत प्रवाह हुने स्रोतहरू गरिवी निवारणको क्षेत्रमा केन्द्रित गरी लागत प्रभावी बनाउनुपर्ने छ। साथै लक्षित वर्गले प्रतिवन्धित कार्यमा सहभागि भएको पाइएमा जुनसुकै बखत अनुदान कटौती गरी कारबारी गर्नुपर्नेछ।

## परिच्छेद - ३

## गरिबी निवारण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

**६. कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिः** (१) कार्यविधि अनुसार कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न नगर स्तरमा देहायको एक समिति रहनेछ।

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उप प्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) आर्थिक प्रशासन शाख प्रमुख - सदस्य

ङ) योजना शाखा प्रमुख - सदस्य

च) आर्थिक विकास समिति संयोजक - सदस्य

छ) कार्यपालिका सदस्यहरू मध्ये दलित, महिला र पिछडिएको क्षेत्रको प्रतिनिधित्व हुने गरी कार्यपालिकाले तोकेको २ जना - सदस्य

ज) सम्बन्धित विषयगत शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठकको कार्यविधि समिति आफैले तयार गरी लागु गर्नेछ।

(३) बैठकमा विषयगत शाखाहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(४) गरिवी निवारण कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्न समितिको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ।

क) गरिव परिवार र लक्षित वर्ग पहिचानका आधार सूचकाङ्क तथा मापदण्ड तयार गरी स्वीकृतका लागि कार्यपालिकामा पेश गर्ने।

ख) लक्षित वर्गको आवश्यकता पहिचान गर्न विषयगत शाखाहरू परिचालन गर्ने।

ग) कार्यक्रम र अनुदानको ढाँचा, कार्यक्रम छनौट प्राथमिकीकरण गरी कार्यपालिकामा स्वीकृतीका लागि पेश गर्ने।

घ) कार्यक्रमको अनुगमन गरी प्रभावकारी बनाउन सुझाव र सहयोग गर्ने।

ङ) बजेट तथा बार्षिक कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्ने।

च) स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने।

छ) गरिवी निवारण सम्बन्धी संघ प्रदेशबाट सञ्चालन भएका कार्यक्रम सँग दोहोरो नपर्ने गरी समन्वय र साझेदारी गर्ने।

(५) **कार्यक्रमको लागि बजेट व्यवस्थपनः** वार्षिक स्वीकृत बजेटमा व्यवस्था भए अनुसार कार्यविधिमा तोकिएका लक्षित वर्गको गरिवी अवस्था सुधार गर्न सम्बन्धित शाखाबाट कार्यक्रम कार्यान्वयन पश्चान समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(६) **अध्यावधिक गर्नुपर्नेः** कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित लाभग्राहीको वैक खाता, लाभ ग्राही पहिचान तथा अन्य सम्बन्धित विषयको अभिलेख शाखाले राखी अध्यावधिक गर्नुपर्नेछ।

## परिच्छेद - ४

## कार्यक्रम अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

**७. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः** (१) नगरपालिकाको कार्यक्रम तथा योजना अनुगमन समिति र सम्बन्धित शाखाले नियमिति अनुगमन गर्नु पर्नेछ। अनुगमन गर्दा लक्षित परिवारले गरेको कार्यहरूको विवरण, उत्पादन तथा प्रतिफल, परिवारको सदस्य र श्रम सहभागिताको संभावना, अशक्त तथा जेष्ठ नागरिकको सङ्ख्या, काम गर्ने तत्परता र अनुदान दुरूपयोग हुने जोखिम र गरिवी निवारणमा यसले पार्ने प्रभाव जस्ता विषयमा रूजु सूची र श्रेणीमापन गरी कार्यक्रम नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) गरिवी निवारणको सूचकाङ्कको आधारमा सहभागितामूलक मूल्याङ्कन प्रणाली अवलम्बन गरी मूल्याङ्कन गरिनेछ।

(३) कार्यक्रम सम्पन्न भएको ३ महिना भित्र समीक्षा गरी आगामी कार्यक्रमको लागि पृष्ठपोषण गर्नुपर्नेछ।

(४) कार्यक्रमका लागि अनुदान सदुपयोग भएको फोटो वा अन्य अभिलेख राख्नुपर्नेछ।

लेटाङ नगरपालिका, मोरङ

## परिच्छेद-५

## विविध

**८. बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनसमेत नबाझिने गरी नगर कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**९.** यस कार्यविधिमा उल्लेख भएका विषयहरू कार्यविधि बमोजिम र अन्य विषयहरू ऐन बमोजिम हुनेछ।

**१०. कार्यविधि परिमार्जनः** कार्यविधिमा परिमार्जन तथा हेरफेर गर्नु परेमा कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी परिमार्जन गर्न सक्नेछ।

**११. विविधः** कार्यविधिमा तोकिएको गरिवी सम्बन्धी सम्बन्धी व्यवस्थाहरू संघ तथा प्रदेश कानूनसँग बाझिएमा त्यसरी बाझिएको हदसम्म संघीय वा प्रदेश कनूनमा व्यवस्था भए बमोजिम हुनेछ।

**१२. बचाउः** यो कार्यविधि प्रारम्भ हुनु भन्दा पहिले लेटाङ नगरपालिकाले गरिवी निवारण सम्बन्धी गराएको वा गरेको काम कारवाही यसै कार्यविधि बमोजिम भए गरिएको मानिने छ।

लेटाङ नगरपालिका, मोरङ

## अनुसूची - १

## गरीव व्यक्ति वा परिवार सूचीकृत अभिलेख

| क्र.सं. | व्यक्तिको नाम थर | ठेगाना | सूचीकृत भएको वर्ष | दफा ४ अनुसार गरिव पहिचानको आधार | परिवार सङ्ख्या | काम गर्न सक्ने जनशक्त सङ्ख्या | मुख्य पेशा | गरिवीको अवस्था सुधार गर्न सकिने प्राथमिकताको क्षेत्र र कार्यक्रम | अनुदान दिन सकिने कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

लेटाङ नगरपालिका, मोरङ

## अनुसूची - २

## अनुदान उपयोग सम्बन्धी प्रतिवेदन

| क्र. सं. | व्यक्तिको नाम थर | ठेगाना | अघिल्लो वर्ष प्राप्त अनुदान रकम | अघिल्लो वर्षको अनुदानले भएको सुधार सङ्ख्या वा मात्रामा | यस वर्षको अनुदान शीर्षक | स्वीकृत भएको जम्मा रकम | तोकिएको काममा गरेको प्रमाण (फोटो संलग्न राख्ने) | काम सम्पन्न गरेको भनी अनुदान प्राप्त गर्ने व्यक्तिको हस्ताक्षर | टोल विकास संस्थाको सिफारिस | वडाको सिफारिस | शाखाको सिफारिस |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अनुदानबाट खरिद भएको सामानको प्रयोग भएको फोटो र निर्माण कार्यको प्राविधिक मूल्याङ्कन समेत संलग्न हुनु पर्नेछ।

लेटाङ नगरपालिका, मोरङ

**आज्ञाले,**
**विष्णुप्रसाद सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**
**मितिः २०८२।०१।०४**